# दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) सम्बन्धी नीति, २०६९

दूरसञ्चार ऐन, २०५३ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले देहायको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) नीति, २०६९ बनाएको छ ।

यो नीति समितिबाट स्वीकृत भएको मिति २०६९।७।१९ देखि लागू हुनेछ ।

## खण्ड–क

## नीतिको उद्देश्य तथा सिद्धान्तहरु

### १. पृष्ठभूमि

रेडियो फ्रिक्वेन्सी प्रयोग हुने सार्वजनिक दूरसञ्चार सेवाको सञ्चालन प्रारम्भ हुनासाथै नेपालमा पनि यसको वितरण हुँदै आएको हो तथापि यसको वितरण सम्बन्धी कानुनी र नीतिगत व्यवस्था भने समय सापेक्ष अद्यावधिक हुन सकेको थिएन । दूरसञ्चार ऐन, २०५३ कार्यान्वयनमा आए पछि दूरसञ्चार सेवामा फ्रिक्वेन्सी वितरण सम्बन्धमा अलग व्यवस्था गरिएको भए पनि अन्य सेवाको फ्रिक्वेन्सी सम्बन्धमा हाल पनि रेडियो ऐन, २०१४ र सो अन्तर्गतको रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ नै यस सम्बन्धी नियमक कानुन हुन् । दूरसञ्चार ऐन, २०५३ मा भएको फ्रिक्वेन्सी वितरण प्रक्रिया पनि समय सापेक्ष र बदलिँदो प्रविधिको मागलाई सम्बोधन गर्न अपर्याप्त भैसकेको महशुस गर्न थालिएको छ ।

हालसम्म रेडियो फ्रिक्वेन्सीको मूल्य निर्धारण दूरसञ्चार सेवाको हकमा दूरसञ्चार ऐन, २०५३ बमोजिम सूचना तथा सञ्चार मन्त्रीको अध्यक्षतामा गठन हुने रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको निर्णय बमोजिम र अन्य सेवाको लागि रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम हुने गरेको छ । रेडियो फ्रिक्वेन्सी र खासगरी दूरसञ्चार सेवामा प्रयोग हुने रेडियो फ्रिक्वेन्सी सीमित र उच्च महत्वको प्राकृतिक स्रोत भएकोले बढाबढको माध्यमबाट मूल्य निर्धारण गर्ने प्रक्रिया नै विश्वव्यापी रुपमा अवलम्बन गरिएको उच्चतम अभ्यास हो । तर नेपालको सन्दर्भमा हालसम्म त्यस्तो व्यवस्था लागू गरिएको छैन । यसै सन्दर्भमा रेडियो फ्रिवेन्सी नीति निर्धारण समितिको चौधौं वैठकबाट दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड र मूल्य सम्बन्धी) नीति, २०६८ पारित गरी २०६८ श्रावण १ गते देखि लागू गरिएको थियो । सो नीतिबाट GSM[1] 900 , GSM 1800, CDMA[2] 800, CDMA 1900 MHz band का Cellular फ्रिक्वेन्सी प्रयोग गरी सेवा सञ्चालन गर्ने बिभिन्न दूरसञ्चार सेवाहरुको  लागि आवश्यक न्यूनतम फ्रिवेन्सी ब्याण्डविथ तोक्नुका साथै यस्तो फ्रिवेन्सी प्रयोग बापतको दस्तुर निर्धारण गर्ने सम्बन्धमा नयाँ सुत्र लागू गरी तत्काल प्रचलनमा रहेको सुत्र खारेज गरेको थियो । हालसम्म सोही नीति लागू भैरहेको अवस्था छ ।

---

[1] Global System for Mobile Communication

[2] Code Division Multiple Access

## २. नीतिको आवश्यकता

दूरसञ्चार सेवाको फ्रिक्वेन्सीबाट राज्यले वास्तविक मूल्य प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न प्रतिस्पर्धात्मक रुपमा फ्रिक्वेन्सी वितरण गर्ने व्यवस्था गर्न आवश्यक भएको र 3G, 4G लगायतका नयाँ दूरसञ्चार सेवाको लागि आवश्यक पर्ने फ्रिक्वेन्सीहरुको मूल्य निर्धारण गर्न आवश्यक भएकै अवस्थामा तत्कालिन व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिले दूरसञ्चार सेवाको फ्रिक्वेन्सी वितरण सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनमा तत्काल कार्यान्वयनमा रहेको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड र मूल्य सम्बन्धी) नीति, २०६८ खारेज गर्न र आवश्यक फ्रिक्वेन्सी नीति एवं कानून बनाउन सुझाव दिएकोले तत्काल नयाँ फ्रिक्वेन्सी नीति बनाउन आवश्यक भएको छ । यसबाहेक नेपाल सरकारले २०६९।२।१ मा खुल्ला गरेको "आधारभूत टेलिफोन सेवा" लगायत अब उप्रान्त खुल्ला गरिने नयाँ सेवाको कार्यान्वयनका लागि फ्रिक्वेन्सी बाँडफाँड र शुल्क निर्धारण लगायतका विषयमा व्यवस्था गर्न समेत समग्रमा नयाँ नीति बन्नु आवश्यक छ ।

## ३. नीतिको उद्देश्य

दूरसञ्चार क्षेत्रलाई मुलुकको समग्र आर्थिक विकासमा महत्वपूर्ण सहयोगीको रुपमा स्थापित गर्ने गरी सीमित राष्ट्रिय सम्पदाको रुपमा रहेको रेडियो फ्रिक्वेन्सी वितरण प्रक्रियालाई अनुमतिपत्र प्रदान गर्ने प्रक्रियासँग अन्तरसम्बन्धित गरी कुशल, प्रभावकारी र पारदर्शी फ्रिक्वेन्सी वितरण तथा मूल्य निर्धारण प्रक्रिया स्थापित गर्नु प्रस्तुत नीतिको मुख्य उद्देश्य रहेको छ ।

## ४. रेडियो फ्रिक्वेन्सी व्यबस्थापन सम्बन्धमा अवलम्बन गरिने सिद्धान्तहरु

रेडियो फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा मूल्य निर्धारण गर्दा देहायका सिद्धान्तहरु अवलम्बन गरिनेछ र यी सिद्धान्तहरुको कार्यान्वयन यस नीतिका यसपछिका दफाहरुमा उल्लेख भएको फ्रिक्वेन्सी वितरण तथा मूल्य निर्धारण प्रक्रियाको आधारमा गरिनेछः-

१. कुनै पनि नयाँ ब्याण्डमा नयाँ सेवा वा प्रबिधिका लागि छुट्याइने रेडियो फ्रिक्वेन्सीको वितरण तथा मूल्य निर्धारण बजारले नै त्यसको मूल्य निर्धारण गर्ने गरी लिलाम बढाबढको (auction) प्रक्रियाबाट गरिनेछ ।

२. फ्रिक्वेन्सीको अधिकतम उपयोग होस भन्ने उद्देश्यले बढाबढको प्रक्रियाबाट वितरण गरिने फ्रिक्वेन्सीको हकमा अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रचलन र मापदण्ड कायम राख्दै त्यसको प्रयोगमा प्रविधि तटस्थ (Technology Neutral) नीति अबलम्बन गरिने छ ।

३. नेपालको दूरसञ्चार क्षेत्रको बजार अझै पनि पूर्ण प्रतिस्पर्धी परिपक्व नभै सकेको अबस्थालाई मध्यनजर गर्दै हाललाई फ्रिक्वेन्सीको व्यापार (Spectrum Trading) गर्न दिइने छैन ।

४. क्षेत्रीय र अन्तराष्ट्रिय रुपमा रहेका उत्तम प्रचलनका (Best Practices) साथै तत्सम्बन्धी अन्तराष्ट्रिय कानुनको अधीनमा रही बजारमा कम मूल्य वा महत्व भएको फ्रिक्वेन्सी ब्याण्डलाई बजारमा बढी मूल्य वा महत्व भएको रेडियो फ्रिक्वेन्सी ब्याण्डमा सार्ने र हाल

वितरण भएको फ्रिक्वेन्सीको अझ बढी उपयोग हुने गरी फ्रिक्वेन्सी स्थानान्तरण तथा हेरफेर (Spectrum Refarming) गरिनेछ । यसो गर्दा हाल सर्वसाधारणले उपभोग गरिरहेको सेवा तथा सो को गुणस्तरमा असर पर्न दिइनेछैन ।

५. सुरक्षा, नागरिक उड्डयन जस्ता काममा राज्यले प्रयोग गर्ने रेडियो फ्रिक्वेन्सी निर्वाध रुपमा प्रयोग हुन सक्ने अवस्था सुनिश्चित गरिनेछ ।

६. हाल बितरणमा रहेको रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको प्रभावकारी र कुशल प्रयोगका बारेमा प्रभावकारी अनुगमन व्यवस्था स्थापित गरिनेछ ।

७. रेडियो फ्रिक्वेन्सीको मूल्य, वितरण गर्ने प्रकृया एवं दूरसञ्चार क्षेत्रमा देखापरेका नयाँ प्रविधिको सन्दर्भमा नियमित रुपमा अध्ययन अनुसन्धान गरिनेछ ।

८. अनावश्यक रुपमा फ्रिक्वेन्सी ओगट्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । यसका लागि कुनै पनि सेवा सञ्चालनका लागि न्युनतम रुपमा आवश्यक पर्ने र अधिकतम रुपमा प्रयोग गर्न पाइने फ्रिक्वेन्सीको सीमा निर्धारण (Capping) गरिनेछ । फ्रिक्वेन्सीको मूल्य निर्धारण गर्दा सोही बमोजिम न्युनतम भन्दा बढी ओगटिएको फ्रिक्वेन्सीको बढी मूल्य निर्धारण गरिनेछ । आवश्यकता भन्दा बढी ओगटिएको फ्रिक्वेन्सी फिर्ता लिइनेछ ।

९. हाल बिभिन्न छ वटा टेलिफोन सेवा प्रदायकहरुको अनुमतिपत्रको किसिम र शर्तहरु भिन्न भिन्न रहेको र ती मध्ये केहीले लिमिटेड मोबिलिटी सेवाको अनुमतिपत्र प्राप्त गरे पनि ती सबैले हाल GSM/CDMA प्रणालीको फ्रिक्वेन्सी प्राप्त गरी प्राविधिक रुपमा सेलुलर मोबाइल सेबा सञ्चालन गरिरहेका छन् । ती ६ वटै सेवा प्रदायकहरुलाई एउटै शर्त तोकी समान धरातलमा ल्याउने उद्देश्य राखी नेपाल सरकारले २०६९।२।१ मा राजपत्रमा सूचना प्रकाशन गरी खुल्ला गरेको नयाँ "आधारभूत टेलिफोन सेवा" को अनुमतिपत्र लिने सबै सेवा प्रदायकहरुलाई फ्रिक्वेन्सी प्रदान गर्ने सन्दर्भमा सबै सेवा प्रदायकहरु सरह समान मापदण्ड अबलम्बन गरिनेछ ।

१०. दूरसञ्चार क्षेत्रमा बिकास हुने नयाँ प्रबिधिलाई नेपालमा समयमै भित्र्याउन सकिने गरी फ्रिक्वेन्सी निर्धारण र बितरण गरिनेछ ।

११. आकश्मिक सञ्चार व्यवस्था (Emergency Telecommunication Management) का लागि फ्रिक्वेन्सी तोकिनेछ ।

१२. नेपाल सरकारले सन् २०१७ सम्ममा टेलिभिजन प्रसारणलाई डिजिटल प्रविधिमा लैजाने निर्णय गरिसकेको सन्दर्भमा त्यसरी डिजिटल प्रविधिमा रुपान्तरित गर्दा प्राप्त हुने थप फ्रिक्वेन्सी (Digital Dividend Band) लाई तत्सम्बन्धी स्थापित अन्तर्राष्ट्रिय प्रचलन तथा अन्तराष्ट्रिय सँस्थाहरुले (आइटीयु, एपीटी) तोकेको मापदण्ड समेतको आधारमा अधिक महत्वपूर्ण र राज्यलाई बढी प्रतिफल प्राप्त हुने मोबाइल ब्रोडव्याण्डका सेवाका लागि छुट्याइ बढाबढको आधारमा वितरण गरिनेछ ।

## ५. दूरसञ्चार सम्बन्धी कानुन

तत्कालिन व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिले फ्रिक्वेन्सी वितरण सम्बन्धी नयाँ कानुनको निर्माण गर्न सिफारिश गरेको थियो । फ्रिक्वेन्सी वितरण र सो को मूल्य निर्धारणलाई वास्तविक रुपमा प्रतिस्पर्धी बनाउन हालको अनुमतिपत्र बढाबढको प्रक्रियाको सट्टा मूलभूत रुपमा फ्रिक्वेन्सी बढाबढको माध्यमबाट अनुमतिपत्र जारी गर्ने प्रक्रिया अवलम्बन गर्न जरुरी छ । यसबाहेक पनि प्रविधिमा आएको व्यापक परिवर्तन आत्मसाथ गर्न पनि तदनुरुपको कानुनी व्यवस्था गर्नु आवश्यक भएको छ । यसका लागि प्रचलित दूरसञ्चार ऐन, २०५३ मै संशोधनको आवश्यकता देखिएको छ । सो अनुरुप दूरसञ्चारको अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया, फ्रिक्वेन्सी वितरण तथा सो को मूल्य निर्धारण, प्रविधिमा आएको परिवर्तन बमोजिम यस क्षेत्रको नियमनमा गर्नुपर्ने सुधार लगायतका विषयमा छिमेकी मुलुक लगायत अन्तर्राष्ट्रिय अभ्यास र अनुभव समेतको अध्ययन गरी यस नीतिमा उल्लिखित व्यवस्थाहरुलाई स्थापित गर्न समेत कानुनमा आवश्यक संशोधन गरिनेछ ।

# खण्ड–ख

# उद्देश्य तथा सिद्धान्त कार्यान्वयनको निमित्त अपनाइने कार्यनीति

## ६. दूरसञ्चार सेवामा प्रयोग हुने रेडियो फ्रिक्वेन्सीको वर्गीकरण

सर्वसाधारणले उपभोग गरिरहेको सेवा तथा सो को गुणस्तरमा असर नपर्ने गरी फ्रिक्वेन्सीलाई उपलब्धताको तुलनामा अत्यधिक माग भएका र राज्यलाई उच्च आर्थिक प्रतिफल दिन सक्ने नयाँ प्रबिधिमा आधारित सेवा सञ्चालन गर्न आवश्यक फ्रिक्वेन्सी र उपलब्धताको तुलनामा अत्यधिक माग नरहेका र उच्च व्यावसायिक मूल्य नरहेका फ्रिक्वेन्सी गरी दुई भागमा वर्गीकरण गरिनेछ । त्यसमध्ये Cellular Mobile Frequency जस्ता फ्रिक्वेन्सीलाई पहिलो प्रकारको फ्रिक्वेन्सीमा राखी ती फ्रिक्वेन्सीलाई प्रतिस्पर्धात्मक वा बढाबढको आधारमा र Microwave or Point to Point Frequency जस्ता Link Frequency र VSAT frequency जस्ता फ्रिक्वेन्सीलाई दोस्रो प्रकारको फ्रिक्वेन्सीमा राखी त्यसलाई प्रशासनिक मूल्य लगाउने सिद्धान्तको आधारमा मूल्य कायम गरी वितरण गरिनेछ ।

## ७. हाल बिभिन्न व्याण्डमा उपलब्ध रेडियो फ्रिक्वेन्सी र बाँडफाँडको अवस्था

हाल बिभिन्न व्याण्डमा उपलब्ध फ्रिक्वेन्सीको अवस्था देहाय बमोजिम रहेको छ । सो बमोजिम हाल केही फ्रिक्वेन्सीको बाँडफाँड भैसकेकोले कुनै सेवा प्रदायकलाई थप गर्न सकिने अवस्था छैन । केही फ्रिक्वेन्सी थप गर्न सकिने देखिन्छ भने कुनै फ्रिक्वेन्सी हालसम्म बाँडफाँड नभएको वा कुन सेवामा प्रयोग गर्ने भनी निर्धारण नभएको अवस्था छ ।

| *S. No.* | *Frequency Band* | *Bandwidth* | *Technology* |
|---|---|---|---|
| 1 | 800 MHz | 824-841.25 MHz paired with 869-886.25 MHz (2x17.25 MHz) | CDMA |
| 2 | 900 MHz | 887.6-915 MHz paired with 932.6-960 MHz (2x27.4 MHz) | GSM |
| 3 | 1800 MHz | 1710-1755 MHz paired with 1805-1850 MHz (2x45 MHz) | GSM |
| 4 | 2100 MHz | 1960-1980 MHz paired with 2150-2170 MHz (2x20 MHz) | IMT-2000 |
| 5 | 2300 MHz | 2300 MHz- 2400 MHz (100 MHz) | IMT Advanced |
| 6 | 2600 MHz | 2500 MHz- 2690 MHz (190 MHz) | IMT Advanced |
| 7 | 1900 MHz | 1850-1880 MHz paired with 1930-1960 MHz (2x30 MHz) | CDMA |

## ८. फ्रिक्वेन्सी स्थानान्तरण वा हेरफेर (Frequency Refarming)

हाल वितरण भएको वा उपलब्ध फ्रिक्वेन्सीलाई देहाय बमोजिम स्थानान्तरण वा हेरफेर गरिनेछः-

क. 1900 MHz Band मा सञ्चालन गरिएको CDMA प्रविधिलाई बिस्थापित गरिनेछ । यसरी विस्थापित गरिए पछि GSM 1800 MHz मा 2x30 MHz फ्रिक्वेन्सी थप उपलब्ध हुनेछ र 2100 MHz Band (WCDMA[3]-3G) मा थप 2x40 MHz फ्रिक्वेन्सी उपलब्ध हुनेछ ।

ख. हाल CDMA 800 MHz मा उपलब्ध रहेको 4.25 MHz फ्रिक्वेन्सी GSM 900 मा प्रयोग हुन सक्ने भएकोले GSM सेवा प्रदायकलाई उपलब्ध गराइनेछ ।

ग. यसरी फ्रिक्वेन्सी स्थानान्तरण वा हेरफेर गर्दा हाल सर्वसाधारणले प्रयोग गरिरहेको सेवा तथा त्यसको गुणस्तरमा प्रतिकूल असर पर्न दिइने छैन ।

## ९. सेवा अनुसार रेडियो फ्रिक्वेन्सी निर्धारण

दफा ८ बमोजिमको स्थानान्तरण वा हेरफेर भएपछि दूरसञ्चार सेवाको देहायको फ्रिक्वेन्सी उपलब्ध भई सो फ्रिक्वेन्सी देहायको सेवामा प्रयोग गरिनेछः-

**Cellular Mobile Frequency Band Plan after re-farming of 1900 MHz and 800 MHz and 900 MHz Bands**

| *S. No.* | *Frequency Band* | *Frequency Range* | *Bandwidth MHz* |
|---|---|---|---|
| 1 | 800 MHz | 824-834 MHz paired with 869-879 MHz | 2x10 |
| 2 | 900 MHz | 880-915 MHz paired with 925-960 MHz | 2x35 |

[3] Wide-band CDMA

| | | | |
|---|---|---|---|
| 3 | 1800 MHz | 1710-1785 MHz paired with 1805-1880 MHz | 2x75 |
| 4 | 2100 MHz | 1920-1980 MHz paired with 2110-2170 MHz | 2x60 |
| 5 | 2300 MHz | 2300 MHz- 2400 MHz | 100 |
| 6 | 2600 MHz | 2500 MHz- 2690 MHz | 190 |

## १०. फ्रिक्वेन्सीको सीमा निर्धारण

GSM मोबाइल सेवा प्रदायकको निमित्त फ्रिक्वेन्सी वितरणका दृष्टिले न्युनतम फ्रिक्वेन्सी, थप फ्रिक्वेन्सी र अधिकतम फ्रिक्वेन्सी गरी तीन तहमा बिभाजन गरिनेछ र मूल्य निर्धारण पनि सोही बमोजिम गरिनेछ ।

### क. न्युनतम फ्रिक्वेन्सी

१. GSM मोबाइल सेवाको लागि पहिलो पटक प्रतिस्पर्धाबाट छानिएको सेवा प्रदायकलाई GSM 900 मा 2x6 MHz फ्रिक्वेन्सी उपलब्ध गराउने गरी बोलकबोल गरिएकोले मोबाइल सेवाको लागि सो 2x6 MHz फ्रिक्वेन्सीलाई नै आधारभूत टेलिफोन सेवा प्रदायकहरुलाई प्रदान गरिने न्युनतम फ्रिक्वेन्सी कायम गरिनेछ ।

२. GSM 900 मा भन्दा GSM 1800 मा पूर्वाधारमा बढी लगानी गर्नुपर्ने भएकोले GSM 900 भन्दा GSM 1800 मा १.५ गुणा फ्रिक्वेन्सी अर्थात 2x9 MHz फ्रिक्वेन्सीलाई न्युनतम फ्रिक्वेन्सी कायम गरिनेछ । GSM 900 MHz मा आवश्यक फ्रिक्वेन्सी उपलब्ध नभई कुनै सेवा प्रदायकलाई दुबै ब्याण्डमा फ्रिक्वेन्सी दिनु परेमा सोही औसत दरमा (१:१.५) फ्रिक्वेन्सी निर्धारण गरिनेछ ।

### ख. थप फ्रिक्वेन्सी

माथि खण्ड (क) मा उल्लेख भए बमोजिमको GSM 900 MHz band मा न्युनतम 2x6 MHz भन्दा अतिरिक्त 2x2 MHzसम्म र GSM 1800 MHz band मा 2x9 MHz भन्दा अतिरिक्त 2x3 MHzसम्मको फ्रिक्वेन्सीलाई थप फ्रिक्वेन्सी मानिनेछ ।

### ग. अधिकतम फ्रिक्वेन्सी

देहायको ब्याण्डमा देहायको फ्रिक्वेन्सीलाई अधिकतम फ्रिक्वेन्सी ब्याण्डविथ सीमा तोकिएको छ । सो भन्दा बढी फ्रिक्वेन्सी कुनै पनि सेवा प्रदायकलाई प्रदान गरिने छैन र कसैले राख्न वा प्रयोग गर्न पाउने छैन । अधिकतम फ्रिक्वेन्सी भन्दा बढी फ्रिक्वेन्सी ओगटेर बसेका सेवा प्रदायकबाट ३ महिनाभित्रमा सो अधिकतम सीमा भन्दा बढी भएको फ्रिक्वेन्सी नेपाल दूरसञ्चार प्राधिकरणले फिर्ता लिनेछ ।

| *S. No.* | *Frequency Band/Possible Technology* | *Maximum Bandwidth* |
|---|---|---|
| 1. | 800 MHz/CDMA | 2x5 MHz |
| 2. | 900 MHz/GSM | 2x9.6 MHz |

| | | |
|---|---|---|
| 3. | 1800 MHz/GSM | 2x15 MHz |
| 4. | 2100 MHz/WCDMA(3G or IMT 2000) | 2x10 MHz |
| 5. | 2300 MHz/BWA/IMT Advanced | 30 MHz |
| 6. | 2600 MHz/BWA/IMT Advanced | To be decided[4] |
| 7. | 3300 MHz/BWA/WiMax/IMT Advanced | To be decided |
| 8. | 700 MHz/IMT Advanced/LTE | To be Decided |

## ११. रेडियो फ्रिक्वेन्सीको मूल्य निर्धारण विधि

दफा ६ मा उल्लेख भएका लिंक फ्रिक्वेन्सी वा VSAT जस्ता फ्रिक्वेन्सी बाहेक अन्य फ्रिक्वेन्सीको मूल्य निर्धारण मुख्यतया बढाबढको प्रक्रियाबाट गरिनेछ तर केही फ्रिक्वेन्सी व्याण्डहरुमा (GSM 900 MHz band / GSM 1800 MHz band) उपलब्ध भएको फ्रिक्वेन्सी वितरण भैसकेकोले बढाबढ गर्न संभव हुने छैन । यो नीति लागू हुनु अघि नै वितरण गरी सकिएको (2100 MHz/WCDMA) फ्रिक्वेन्सीको मूल्य निर्धारण गर्न सोही व्याण्डको सोही परिमाणको व्याण्डविथ बराबरको फ्रिक्वेन्सीलाई बढाबढ गरिनेछ र सो बढाबढबाट कायम भएको मूल्यलाई यो नीति लागू हुनु अघि सो फ्रिक्वेन्सी प्रयोग गरेका सेवा प्रदायकहरुको निमित्त पनि मूल्य कायम गरी सो फ्रिक्वेन्सी उपलब्ध गराइएको मितिदेखि नै असूल उपर गरिनेछ । हाल वितरण भएका देहायका फ्रिक्वेन्सी व्याण्डको मूल्य देहाय बमोजिम निर्धारण गरिनेछ ।

क. GSM मोबाइल सेवाको निमित्त छुट्याइएको न्युनतम फ्रिक्वेन्सीको दस्तूर एकमुष्ट रुपमा सो सेवा प्रदायकको वार्षिक कूल आम्दानीको ०.४ प्रतिशत रकम कायम गरिनेछ ।

ख. कुनै सेवा प्रदायकलाई GSM 900 र GSM 1800 दुवै गरी न्युनतम फ्रिक्वेन्सी व्याण्ड उपलब्ध गराइएको भए कूल फ्रिक्वेन्सीको दस्तूर पनि सोही बमोजिम कूल आम्दानीको ०.४ प्रतिशत कायम गरिनेछ ।

ग. थप फ्रिक्वेन्सीको लागि देहाय बमोजिमको बार्षिक फ्रिक्वेन्सी दस्तूर कायम गरी असूल उपर गरिनेछ ।

| *S.N.* | *Frequency Band* | *Band dependent Multiplier for Frequency Fee* | *Price Per Mega Hertz (Unpaired) in NRs. Millions* |
|---|---|---|---|
| 1 | 800/900 MHz | 1.5 | 6 |
| 2 | 1800 MHz | 1 | 4 |

घ. अधिकतम् फ्रिक्वेन्सीको लागि देहाय बमोजिमको वार्षिक फ्रिक्वेन्सी दस्तूर कायम गरी असूल उपर गरिनेछ ।

[4] यसमा न्युनतम र अधिकतम व्याण्डको निर्धारण दफा १२ बमोजिम बढाबढको निमित्त पेश हुँदाका बखत तय गरिनेछ ।

| *S.N.* | *Frequency Band* | *Band dependent Multiplier for Frequency Fee* | *Price Per Mega Hertz (Unpaired) in NRs. Millions* |
|---|---|---|---|
| 1 | 800/900 MHz | 1.5 | 12 |
| 2 | 1800 MHz | 1 | 8 |

ङ. देहायका फ्रिक्वेन्सीहरुको मूल्य यस नीतिमा तोकिए बमोजिम बढाबढबाट तय गरिनेछ ।

| *S.No.* | *Frequency Band* |
|---|---|
| 1 | 2100 (3G) MHz |
| 2 | 2300MHz |
| 3 | 2600 MHz |
| 3 | 3300 MHz |
| 4 | 700 MHz |

च. हाल WCDMA २१०० MHz व्याण्डमा नेपाल टेलिकम र एनसेललाई उपलब्ध गराइएको 10x2 MHz 3G फ्रिक्वेन्सी वापत दफा १२ बमोजिम बढाबढबाट कायम हुने दस्तूर सो फ्रिक्वेन्सी प्राप्त गरेको मितिदेखि नै भुक्तान गर्नुपर्ने गरी हाललाई त्यसरी बढाबढको निमित्त तोकिएको न्युनतम दस्तूर बराबरको रकम वार्षिक रुपमा भुक्तान गर्नुपर्नेछ ।

छ. देशका सबै भूभागमा दूरसञ्चार सेवा सुलभ रुपमा उपलब्ध गराउन सघाउ पुर्‍याउन ग्रामीण क्षेत्रमा दूरसञ्चारको पहुँचका लागि प्रयोग हुने VSAT को फ्रिक्वेन्सी दस्तुर प्रति टर्मिनल प्रतिर्बष रु. १००। (रु. एक सय) र अन्य रुपमा प्रयोग हुने VSAT को हकमा रु. १०००।- कायम गरिनेछ । VSAT को दस्तूर सम्बन्धी व्यवस्था आगामी आर्थिक वर्षदेखि लागू हुनेछ ।

ज. हाल सञ्चालनमा रहेका लिमिटेड मोबिलिटी सेवा प्रदायक र आधारभूत दूरसञ्चार सेवा प्रदायकहरुले हाल प्रयोग गरेको फ्रिक्वेन्सी वापत माथि उपखण्ड (ग) मा तोकिएको थप फ्रिक्वेन्सी दस्तूरको दरले फ्रिक्वेन्सी दस्तूर बुझाउनु पर्नेछ ।

## १२. रेडियो फ्रिक्वेन्सी बढाबढ सम्बन्धी व्यवस्था

देहायको फ्रिक्वेन्सी देहाय बमोजिम बढाबढ गरिनेछ-

क. 3G सेवाको दफा ७ बमोजिम हेरफेर तथा स्थानान्तरण पछि उपलब्ध हुने फ्रिक्वेन्सी देहाय बमोजिम बढाबढ गरिनेछः-

१. आधारभूत टेलिफोन सेवाको कम्तीमा दुईवटा अनुमतिपत्र जारी भएको तीन महिनादेखि छ महिनाभित्रमा 3G को फ्रिक्वेन्सी बढाबढ प्रक्रिया सम्पन्न गरिनेछ ।

२. बढाबढको निमित्त 3G मा उपलब्ध 2x40 MHz (हाल वितरण भएको 2x20 MHz कटाई) फ्रिक्वेन्सीलाई 10-10 MHz का दरले बढीमा ४ वटा थप सेवा प्रदायकलाई उपलब्ध गराउन सकिनेछ ।

३. सो बढाबढमा तत्काल कायम रहेका आधारभूल टेलिफोन सेवाका अनुमतिपत्र प्राप्त कम्पनीहरुले भाग लिन पाउनेछन् । यो नीति प्रारम्भ हुँदा 3G (2100 MHZ) को फ्रिक्वेन्सी प्राप्त गरिसकेका सेवा प्रदायकले यो बढाबढमा भाग लिन पाउने छैनन् ।

४. बढाबढको निमित्त न्युनतम मूल्य प्रति MHz (Unpaired) रु. १ करोड २० लाख कायम गरिएको छ ।

५. त्यसरी बढाबढ गर्दा अधिकतम् कबुल भएको मूल्यलाई 3G को फ्रिक्वेन्सी मूल्य कायम गरिनेछ ।

६. यसरी कायम भएको मूल्य भुक्तान गर्न मञ्जूर गरी पहिलो वर्षको निमित्त सो मूल्य बढाबढ स्वीकृत भएको तीस दिनभित्र भुक्तान गर्ने बढाबढमा भाग लिने सेवा प्रदायकलाई सो फ्रिक्वेन्सी उपलब्ध गराइनेछ । सो बढाबढबाट मूल्य कायम भएको तीस दिनभित्र सो भुक्तान नगर्ने सेवा प्रदायकलाई सो फ्रिक्वेन्सी उपलब्ध गराइने छैन ।

७. यो नीति प्रारम्भ हुँदा 3G (2100 MHZ) को फ्रिक्वेन्सी प्राप्त गरिसकेका सेवा प्रदायकले पनि माथि उपखण्ड (६) बमोजिम बढाबढ स्वीकृत भएको तीस दिनभित्र माथि उपखण्ड (५) बमोजिम कायम भएको मूल्य भुक्तान गर्नुपर्नेछ । सो अवधिभित्र भुक्तान नगरेमा उपलब्ध गराइएको फ्रिक्वेन्सी फिर्ता लिइनेछ ।

८. उपखण्ड (६) बमोजिम फ्रिक्वेन्सी प्राप्त नगर्ने सेवा प्रदायकलाई यस खण्ड बमोजिम बढाबढ सम्पन्न भएको १२ महिनापछि 3G फ्रिक्वेन्सी उपलब्ध भएमा माथि उपखण्ड (५) बमोजिम कायम भएको मूल्य लिई 3G फ्रिक्वेन्सी उपलब्ध गराइनेछ । तर बढाबढमा भाग लिई माथि उपखण्ड (६) बमोजिम तीस दिनभित्र रकम भुक्तान नगर्ने सेवा प्रदायकलाई 3G को फ्रिक्वेन्सी उपलब्ध गराइने छैन ।

९. तत्काल उपलब्ध प्रविधि बमोजिम 800 MHZ, 900 MHZ र 1800 MHz band मा 3G वा अन्य कुनै नयाँ सेवा सञ्चालन हुन सक्ने भएमा सो को निमित्त यस नीति बमोजिम तोकिएको दस्तूरको 1.5 गुणा दस्तूर असूल गरी त्यस्तो सेवा सञ्चालन गर्न दिइनेछ ।

१०. यो नीति लागू भएको एकवर्ष भित्रमा यस उपखण्ड (क) को (१) बमोजिम आधारभूत टेलिफोन सेवाको दुईवटा अनुमतिपत्र जारी हुन नसकी बढाबढ हुन नसकेमा तत्काल कायम रहेका मोबाइल सेवा र आधारभूत टेलिफोन सेवा प्रदायकलाई यस उपखण्डको (४) बमोजिम तोकिएको दस्तूर लिई 3G फ्रिक्वेन्सी उपलब्ध गराइनेछ ।

ख. BWA 2300 को फ्रिक्वेन्सी वितरण सम्बन्धमा देहायको प्रक्रिया अपनाइनेछः-

१. यसमा प्रविधि तटस्थ नीति अपनाइनेछ र यो व्याण्डको मूल्य बढाबढको माध्यमबाट कायम गरिनेछ । यो व्याण्डमा तत्काल उपलब्ध प्रविधि अनुरुपका सबै सेवा सञ्चालन गर्न दिइनेछ ।

२. सो व्याण्डमा उपलब्ध भएको कूल 100 MHz फ्रिक्वेन्सी व्याण्डलाई ३०-३० MHz का तीन वटा खण्डमा बिभाजन गरी वितरण गरिनेछ । एउटा खण्ड नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई प्रदान गरिसकिएको छ । बाँकी दुई खण्ड मध्ये एउटा तत्काल कायम रहेका आधारभूत टेलिफोन सेवा प्रदायक वा मोबाईल (Voice) सेवा प्रदायकहरु मध्ये प्रतिस्पर्धा गराई र अर्को इण्टरनेट सेवा प्रदायकहरुबीच बढाबढ गराई वितरण गरिनेछ । हाल नेपाल टेलिकमले प्राप्त गरेको ३० MHz को मूल्य टेलिफोन वा मोबाइल सेवा प्रदायक मध्ये सबैभन्दा बढी रकम कबुल गर्ने सेवा प्रदायकले कबुल गरेको मूल्यलाई कायम गरिनेछ । नेपाल टेलिकमले सो मूल्य सो फ्रिक्वेन्सी प्राप्त गरेको मितिदेखि नै ३ महिनाभित्र भुक्तान गर्नुपर्नेछ । समयमै दस्तूर भुक्तान नगरेमा सो फ्रिक्वेन्सी तत्काल फिर्ता गरिनेछ ।

ग. BWA/IMT-Advanced, 4G (2600 MHz/700MHZ, 3300 MHz) को फ्रिक्वेन्सी देहाय बमोजिम बढाबढ गरिनेछः-

१. यो नीति प्रारम्भ भएपछि यथासीघ्र 4G को फ्रिक्वेन्सी बढाबढ प्रक्रिया प्रारम्भ गरिनेछ ।

२. 4G को फ्रिक्वेन्सी बढाबढ भैरहेका सेवा प्रदायक लगायत नयाँ सेवा प्रदायक (निवेदक) समेत छनौट हुन सक्ने गरी गरिनेछ ।

३. 4G मा प्रविधि तटस्थ नीति अपनाइने भएकोले यसको सेवा प्रदायकको छनौट मूलतः फ्रिक्वेन्सी बढाबढको माध्यमबाट गरिनेछ र यो व्याण्डमा तत्काल उपलब्ध प्रविधि अनुरुपका सबै सेवा सञ्चालन गर्न दिइनेछ ।

४. 4G को सेवाको निमित्त छुट्याइने फ्रिक्वेन्सी व्याण्डविथ, प्रत्येक सेवा प्रदायकलाई उपलब्ध हुने फ्रिक्वेन्सी, त्यसको न्युनतम मूल्य, बढाबढको प्रक्रिया सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयले छिमेकी मुलुकहरुको व्यवस्थाको समेत अध्ययन गरी यो नीति प्रारम्भ भएको ६ महिनाभित्र समिति समक्ष स्पष्ट प्रस्ताव पेश गर्नेछ ।

घ. फ्रिक्वेन्सी बढाबढ सम्बन्धमा देहायको कार्यविधि अवलम्बन गरिनेछः-

१. फ्रिक्वेन्सी बढाबढको काम यो नीति तथा रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले तोकेका कुराहरुको अधिनमा रही नेपाल दूरसञ्चार प्राधिकरणले गर्नेछ ।

२. फ्रिक्वेन्सीको बढाबढ गर्दा देहायका कुराहरु उल्लेख गरी कम्तीमा ३५ (पैंतीस) दिनको म्याद दिई राष्ट्रियस्तरका पत्रपत्रिका तथा अन्य सञ्चार माध्यमहरुबाट २ (दुई) पटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

क. बढाबढ गरिने फ्रिक्वेन्सीको रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रममा रहेको अवस्थिति बुझिने गरी फ्रिक्वेन्सी ब्याण्डको बिवरण ।

ख. बढाबढ गरिने फ्रिक्वेन्सी व्याण्ड वा व्याण्डहरुको संख्या ।

ग. फ्रिक्वेन्सी व्याण्डको प्रयोग गर्न दिईने समयावधि ।

घ. बढाबढ प्रक्रियामा भाग लिन चाहिने न्यूनतम योग्यता ।

ङ. बढाबढ प्रक्रियामा प्रयोग गरिने न्यूनतम मूल्य ।

च. बढाबढ सम्बन्धमा अपनाईने विधि, जस्तै एक चरणमा सम्पन्नभ हुने बोलकबोल वा सिलबन्दी बढाबढ प्रक्रिया अथवा चरणबद्ध रुपमा हुने भए के कति चरणमा सम्पन्न हुने हो सो खुलाईएको बोलकबोल वा सिलबन्दी प्रक्रिया, वा यी प्रक्रिया मध्ये एक वा बढी समावेश भएको प्रक्रिया वा अन्य कुनै प्रक्रिया अपनाइएको भए सो प्रक्रिया ।

छ. अन्य आवश्यक कुराहरु ।

३. बढाबढको निमित्त न्यूनतम मूल्य (Base Price or Reserve Price) तय गर्दा समितिले कुनै अंक तोकेको भए सोही अंक तोकिने छ र त्यसरी नतोकिएकोमा बढाबढ गरिने फ्रिक्वेन्सी खण्ड वा सो सँग दाँज्न लायक फ्रिक्वेन्सी खण्डका सम्बन्धमा नेपालको बजार र सो फ्रिक्वेन्सीको उपयोगिताको स्तरको आधारमा नेपाल दूरसञ्चार प्राधिकरणले न्युनतम मूल्य कायम गर्नेछ ।

## १३. लिमिटेड मोबिलिटी तथा आधारभूत दूरसञ्चार सेवाको[५] निमित्त रेडियो फ्रिक्वेन्सी वितरण

क. हाल सञ्चालनमा रहेका लिमिटेड मोबिलिटी सेवा वा ग्रामीण दूरसञ्चार सेवा वा आधारभूत दूरसञ्चार सेवा प्रदायकलाई ग्राहक संख्याको[६] आधारमा तल दिइएको तालिका बमोजिम फ्रिक्वेन्सी उपलब्ध गराइनेछ । यसरी प्रदान गरिने फ्रिक्वेन्सीको अधिकतम सीमा भने मोबाइल वा आधारभूत टेलिफोन सेवा सञ्चालनका लागि कायम गरिएको न्युनतम फ्रिक्वेन्सी अर्थात GSM 900 MHz band मा 2x6 MHz वा GSM 1800 MHz band मा 2x9 MHz वा CDMA 800 MHz band मा 2x2.5MHz कायम गरिएको छ । त्यस्ता सेवा प्रदायकहरुलाई नयाँ व्याण्डमा कुनै पनि फ्रिक्वेन्सी उपलब्ध गराइने छैन । कसैलाई सो भन्दा बढी फ्रिक्वेन्सी उपलब्ध गराइएको भए आधारभूत टेलिफोन सेवाको पहिलो अनुमतिपत्र जारी भएको एक महिनाभित्र फिर्ता गरिनेछ ।

| *SN.* | *BW (MHz) (Sum of low and high frequencies)* | *Subscribers '000* | |
|---|---|---|---|
| | | *Total* | *Incremental Subscribers per Mhz(paired)* |
| 1 | 2x1 | - | |
| 2 | 2x2 | 50 | 25 |

५ नेपाल राजपत्र, भाग ५, खण्ड ५७, संख्या २०, मिति २०६४।५।१० मा प्रकाशित सूचनामा तोकिएको सेवा ।

६ ग्राहक संख्याको गणना गर्दा Visitor Location Register (VLR) मा गणना गर्नुभन्दा चौबीस घण्टा अघिको अवधिमा रेकर्ड भएको संख्या र त्यस्तो संख्या उपलब्ध नभए एक महिनाभित्रमा द्यर्षीष्लिन क्थकतभ्क बाट प्राप्त हुने ग्राहकको संख्यालाई आधार मानिनेछ ।

| | | | |
|---|---|---|---|
| 3 | 2x3 | 200 | 150 |
| 4 | 2x4 | 400 | 200 |
| 5 | 2x5 | 600 | 200 |
| 6 | 2x6 | 900 | 300 |

(ख) **CDMA 2G Subscriber Linked Bandwidth**

| *Carriers* | *BW (MHz) (Sum of low and high frequencies)* | *Subscribers '000* | |
|---|---|---|---|
| | | *Total* | *Incremental Subs Per Mhz (Paired)* |
| 1 | 2x1.25 | 250 | 250 |
| 2 | 2x2.5 | 500 | 250 |
| 3 | 2x3.75 | 2,000 | 1,500 |
| 4 | 2x5 | 4,000 | 2,000 |

## १४. आधारभूत टेलिफोन सेवाको निमित्त फ्रिक्वेन्सी वितरण

आधारभूत टेलिफोन सेवाको निमित्त फ्रिक्वेन्सीको वितरण देहाय बमोजिम गरिनेछः-

क. आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गर्ने सेवा प्रदायकबाट अनुमतिपत्र नवीकरण दस्तूर असूल उपर हुने कुराको सुनिश्चिता गर्न त्यस्ता सेवा प्रदायकबाट अनुमतिपत्र प्राप्त गरेको शुरु वर्ष देखि नै सो रकम प्राप्त हुने गरी यस दफा बमोजिमको विशेष व्यवस्था गरिनेछ ।

ग. आधारभूत टेलिफोन सेवाको अनुमतिपत्रको निमित्त निवेदन दिने व्यक्तिले नवीकरण दस्तूर वापतको रकम देहाय बमोजिम भुक्तान गर्नुपर्ने शर्त स्वीकार गरेको अवस्थामा मात्र अनुमतिपत्र प्रदान गरिने छ । यो व्यवस्था अनुमतिपत्रको अनिवार्य शर्तको रुपमा राखिएको छः-

१. अनुमतिपत्र प्राप्त गरेको दश वर्षको निमित्त अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै प्रत्येक वर्ष देहाय बमोजिमको रकम भुक्तान गर्नेः-

| वर्ष | रकम |
|---|---|
| पहिलो वर्ष | पाँच करोड |
| दोस्रो वर्ष | पाँच करोड |
| तेस्रो वर्ष | दश करोड |
| चौथो वर्ष | बीस करोड |
| पाँचौ वर्ष | पैंतीस करोड |
| छैठौं वर्ष | पचास करोड |
| सातौं वर्ष | एक अर्ब |

| | |
|---|---|
| आठौं वर्ष | एक अर्ब पच्चीस करोड |
| नवौं वर्ष | एक अर्ब पचास करोड |
| दशौं वर्ष | दुई अर्ब |

२. अनुमतिपत्र प्राप्त गरेको दश वर्ष भुक्तान गरेपछि नवीकरण दस्तूर वापतको कूल रु. २० अर्ब १३ करोड मध्ये माथिको उपखण्ड (१) बमोजिम भुक्तान गरेको रकम कटाई बाँकी रहेको रकम भुक्तान गरेपछि मात्र अनुमतिपत्र नवीकरण हुनेछ ।

ग. ग्रामीण दूरसञ्चार सेवा प्रदायकलाई शुरुमा फ्रिक्वेन्सी तोक्दा ८० हजार ग्राहक संख्या पुर्‍याएपछि थप फ्रिक्वेन्सी उपलब्ध गराउने गरी GSM 900 मा 2.4 MHz फ्रिक्वेन्सी उपलब्ध गराइएकोले सो शर्त यथावत कायम गरिनेछ र सोही बमोजिम आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त व्यक्तिले सो अनुमतिपत्र प्राप्त गरेको छ महिनाभित्र कम्तीमा ८० हजार ग्राहक संख्या पुर्‍याए पछि दफा १० बमोजिमको न्युनतम फ्रिक्वेन्सी र तत्काल फ्रिक्वेन्सीको उपलब्धताको आधारमा थप फ्रिक्वेन्सी उपलब्ध गराइनेछ । तर त्यस्तो सेवा प्रदायकले अनुमतिपत्र लिएको २ वर्षभित्रमा कम्तीमा दुई लाख ग्राहक संख्या पुर्‍याउन नसकेमा यस बमोजिम उपलब्ध गराइएको फ्रिक्वेन्सी फिर्ता लिई साबिकको २.४ MHz फ्रिक्वेन्सी मात्र कायम राखिनेछ ।

ङ. आधारभूत टेलिफोन सेवाको निमित्त आवेदन गर्न योग्य सेवा प्रदायकले यो नीति प्रारम्भ भएको एकवर्ष भित्र आवेदन नगरेमा सो को निमित्त छुट्याइएको न्युनतम फ्रिक्वेन्सी उपलब्ध नहुन सक्नेछ । त्यस्तो फ्रिक्वेन्सी अन्य सेवा प्रदायकलाई उपलब्ध गराउन सकिनेछ ।

## १५. रेडियो फ्रिक्वेन्सी प्रयोगको अनुगमन व्यवस्था

रेडियो फ्रिक्वेन्सी प्रयोगको अनुगमनको निमित्त देहायको व्यवस्था गरिनेछः-

क. रेडियो फ्रिक्वेन्सीको प्रयोगको अनुगमन सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणले गर्नेछन् ।

ख. अनुगमन कार्यमा सूचना तथा सञ्चार मन्त्रालयमा रहेको पूर्वाधार वा भौतिक साधनको समेत प्रयोग गरिनेछ । अनुगमन कार्यमा संलग्न पूर्वाधारहरुको मर्मत संभार, स्तरउन्नति तथा जनशक्तिलाई आवश्यक तालिम लगायतको कामको लागि नेपाल दूरसञ्चार प्राधिकरणको वित्तीय स्रोतको समेत प्रयोग गरिनेछ ।

ग. रेडियो फ्रिक्वेन्सीको प्रयोगको क्षेत्रमा विकसित भएका नवीनतम प्रविधि तथा अभ्यासहरुको बारेमा नियमित अध्ययन तथा अनुसन्धान गर्ने कार्यलाई लागि नेपाल दूरसञ्चार प्राधिकरणको वार्षिक कार्यक्रममा नियमित रुपमा संलग्न गरिनेछ ।

घ. नेपाल दूरसञ्चार प्राधिकरणले अन्तर्राष्ट्रिय प्रचलन समेतको आधारमा आपतकालिन व्यवस्थापनको लागि निश्चित रेडियो फ्रिक्वेन्सी तोकी सबै सेवा प्रदायकहरुबाट सो बमोजिम आपतकालिन दूरसञ्चार सेवा सञ्चालन हुने व्यवस्था कायम गरिनेछ ।

## १६. फ्रिक्वेन्सी दस्तूर भुक्तानी प्रक्रिया

दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी वापतको दस्तूर प्रत्येक आर्थिक वर्षमा नियमित रुपमा अनुमतिपत्र प्राप्त व्यक्तिबाट नेपाल दूरसञ्चार प्राधिकरणले असूल उपर गरी सेवा प्रदायक अनुसार वितरण भएको फ्रिक्वेन्सी, असूल भएको फ्रिक्वेन्सी, बक्यौताको अवस्था समेतको विवरण संलग्न गरी नेपाल सरकारलाई बुझाउनु पर्नेछ । फ्रिक्वेन्सी दस्तूर भुक्तानी देहाय बमोजिम गर्नु पर्नेछः-

क. प्रत्येक सेवा प्रदायकले Microwave Frequency र न्युनतम फ्रिक्वेन्सीको दस्तूर प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको ६ (छ) महिनाभित्र भुक्तान गर्नुपर्नेछ ।

ख. न्युनतम फ्रिक्वेन्सी बाहेक थप फ्रिक्वेन्सी, अधिकतम् फ्रिक्वेन्सी र VSAT को दस्तूर प्रत्येक आर्थिक वर्षको निमित्त सो आर्थिक वर्ष शुरु भएको ३ (तीन) महिनाभित्र अग्रिम भुक्तान गर्नुपर्नेछ ।

ग. माथि खण्ड (क) र (ख) को अवधिभित्र दस्तूर भुक्तान नगरेमा भुक्तान गर्न बाँकी दस्तूरको प्रत्येक महिना दुई प्रतिशतका दरले थप दस्तूर समेत लाग्नेछ ।

घ. माथि खण्ड (ग) बमोजिम थप दस्तूर लाग्न शुरु भएको छ महिनासम्ममा पनि फ्रिक्वेन्सी दस्तूर भुक्तान नगरेमा त्यस्तो सेवा प्रदायकलाई दिइएको फ्रिक्वेन्सी अनुमति खारेज गरी सो फ्रिक्वेन्सी फिर्ता लिइनेछ । भुक्तान गर्न बाँकी फ्रिक्वेन्सी दस्तूर सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## १६. खारेजी

क. यस रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको चौधौं वैठकबाट स्वीकृत “दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड र मूल्य सम्बन्धी) नीति, २०६८” खारेज गरिएको छ ।

ख. यस नीतिमा उल्लेख भएका बाहेक रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिबाट समय समयमा तोकिएका अन्य फ्रिक्वेन्सीको दस्तूर सोही बमोजिम हुनेछ ।